DAILY NEWSLETTER

As of March 09, 2026

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

आरएसपीको निर्वाचनमा बहुमत जितपछि नेप्सेमा उत्साह – ६% सर्किट

प्रतिनिधि सभा उपनिर्वाचनमा **राष्ट्रिय स्वतन्त्र पार्टी (RSP)** ले बहुमत जितेपछि सोमबार सेयर बजारमा उच्च उत्साह देखिएको छ। लगानीकर्तामा देखिएको सकारात्मक मनोबलका कारण **नेप्से परिसूचक ६ प्रतिशतको सर्किट लेभलमा बन्द हुँदै १६२ अंकले उकालो लागेको** छ।

आजको कारोबारमा बजार खुलेदेखि नै खरिद चाप उच्च देखिएको थियो। बजार बढ्दै जाँदा अन्ततः सर्किट ब्रेकर लागेर कारोबार स्थगित भएको हो। यस दिन कुल कारोबार रकम **५५ करोड रुपैयाँभन्दा बढी** पुगेको छ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा ABOVE छ ।
MACD	नेप्सेमा हाल MACD मा Selling (Weak) देखिएको छ ।
RSI	RSI 78 पुगेको देखिन्छ ।

Support	2680
Resistance	2900

निर्वाचन परिणामपछि लगानीकर्तामा राजनीतिक स्थायित्व तथा नीतिगत सुधारको अपेक्षा बढेपछि बजारमा व्यापक खरिद चाप देखिएको विश्लेषकहरू बताउँछन्। विशेषगरी बैंकिङ, हाइड्रोपावर तथा अन्य उच्च बजार पूँजीकरण भएका कम्पनीहरूमा उल्लेख्य वृद्धि देखिएको छ।

बजारमा लामो समयदेखि रहेको अनिश्चितता र घट्दो मनोबलबीच आएको यो उछालले लगानीकर्तामा नयाँ आशा थपेको छ। तर विश्लेषकहरूका अनुसार आगामी दिनमा बजारको दिगोपनका लागि **भोल्युम (कारोबार रकम)** अझै बलियो हुन आवश्यक देखिन्छ।

आजको सर्किटस्तरको वृद्धिले निकट भविष्यमा बजारको दिशा कस्तो हुन्छ भन्नेबारे लगानीकर्ताको चासो थप बढाएको छ।

9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment